# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १० जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधान मंत्री नरेन्द्र मोदीले सरकारी योजनाहरुको शत प्रतिशत कार्यवयन हुन पर्ने बताउनुभएको छ

२. केन्द्र सरकारले जारी गरेको एउटा रिपोर्ट अनुसार छात्र शून्य सकूलहरुको मामलामा पश्चिम बंगालको नाम प्रथम स्थानमा रहेको छ।

३. दार्जीलिङ्गका सांसद राजु विष्टले आज चोपड़ामा रहेको भारत-बंग्लादेश सिमाको भ्रमण गरी स्थितिको जानकारी लिनुभयो।

४. युनाइटेड दार्जिलिङ एफसीए तीनधारे च्यालेञ्च कप फुटबल टुर्नामेन्टको च्याम्पियन बनेको छ।

५. मौसम विभागले पश्चिम बंगाल मा शीतलहर को प्रभाव लगातार बनिरहेको बताएको छ।

**प्रधानमंत्री साक्षात्कार**

प्रधानमंत्री नरेन्द्र मोदीले वर्ष 2 हजार 47 सम्ममा विकसित भारत को लागि सबै समस्याहरुको समाधान आफुले चाहेको बताउनुभएको छ। उहाँले सरकारी योजनाहरुको शत प्रतिशत कार्यान्वयन हुन पर्ने बताउनुहुँदै यसलाई सामाजिक न्याय अनि धर्मनिरपेक्षताको साँचो स्वरूप बताउनुभयो। प्रमुख उद्यमी निखिल कामथलाई दिनुभएको एउटा साक्षात्कार मा श्री मोदीले राजनीति मा सफल हुनका लागि व्यक्ति मा समर्पण, प्रतिबद्धता हुन पर्ने बताउनुभयो। यसको साथै प्रधान मंत्रीले असल मानिसहरु लगातार राजनीति मा आउन पर्ने तथा एक मिशन को साथमा उनीहरुले यस्तो गर्नु पर्ने पनि बताउनुभयो।

****** ० ******

**बंगाल छात्र**

केन्द्र सरकारले शैक्षणिक वर्ष २०२३-२४ का अवधि देश भरका स्कूलहरूमा विध्यार्थीहरूको भर्ना सम्बन्धी एक रिर्पोअ जारी गरिएको छ। यस रिर्पोटका अनुसार , छात्रशून्य स्कूलहरूको मामिलामा पश्चिम बंगालको नाम शीर्षमा छ। दोस्रो स्थानमा राजस्थान र तेस्रो स्थानमा तेलंगाना रहेको छ। रपोट अनुसार , पश्चिम बंगालमा पछिल्लो वर्ष तीन हजार २५४ स्कूलमा एकैजना छात्रको पनि भर्ना भएन जबकि यी स्कूलहरूमा १४ हजार ६२७ शिक्षक रहेका थिए। अकोतर्फ राज्यमा ६ हजार ३६६ यस्ता स्कूलहरू पनि थिए जहाँ विध्यार्थीहरू संख्यामा थिए तर शिखक एकैजना मात्र थिए। देशभरमा पछिल्लो शैक्षणिक सत्रमा १२ हजार ९५४ विध्यालयमा एउटै छात्रको पनि भर्ना भएर जबकि ३१ हजार ९८१ शिक्षक यी विध्यालयहरूमा तैनात थिए।यसबाहेक लगभग एक लाख १० हजार स्कूल यस्ता थिए जहाँ विध्यार्थीहरू हुँदाहुँदै पनि शिखक केवल एकजना थिए। यो रिर्पोट शिक्षा मंत्रालय आउने यूनिफाइड डिस्ट्रिक्ट ईफामेशन सिस्टम फर एजुकेशन प्लस (यूडीआईएसई) द्वारा तैयार गरिएको यो डेटा राज्यहरू र केन्द्रशासित प्रदेशहरूद्वारा अपलोड गरिएको जानकारीको आधारमा तैयर गरिएको हो।

****** ० ******

**दार्जीलिङ एमपी एसएसबी**

दार्जीलिङका लोकसभा सांसद राजु विष्टले आज आफ्नो संसदीय क्षेत्र चोपडामा रहेको भारत-बंगलादेश सीमानाको भ्रमण गर्नुभयो। उहाँले आज बिहान सीमा सुरक्षा बल बीएसएफको 132 बटालियनको बीओपी करजीगाछको भ्रमण गरी स्थितिको जानकारी लिनु भयो। बंगलादेशमा शेख हसिनाको सरकारलाई अपदस्त गरिएपछि त्यहाँका अल्पसङ्ख्यकहरू विशेषगरी हिन्दुहरूमाथि अन्याय र अत्याचार चरम सीमा नाघेको छ। बंगलादेशमा जारी अशान्तिको फाइदा उठाइ त्यहाँका चरमपन्थी

मुसलमानहरू पश्चिम बंगालमा पस्ने प्रयास गरिरहेका छन्। पश्चिम बंगालमा यसै पनि लाखौँको सङ्ख्यामा अवैध बंगलादेशीहरू बसोबास गरिरहेका छन्। यसैलाई मध्येनजर गरी केही दिनअघि केन्द्रीय गृहमन्त्री अमित शाह पनि सिलगढीमा एसएसबीको एक समारोहमा आउनु भएको थियो र बंगलादेश सीमानामा अधिक सतर्कताको संकेत दिनु भएको थियो। यसै सन्दर्भमा सांसद राजु विष्टले उत्तर दिनाजपुर जिल्लाभित्र पर्ने आफ्नो संसदीय क्षेत्र चोपडाको सीमा क्षेत्रको भ्रमण गर्नु भएको हो।

****** ० ******

**आर जी कर - फैसला**

कोलकाता को एक विशेष न्यायलयले आर.जी. कर मेडिकल कॉलेज अनि अस्पताल का महिला डॉक्टरसित दुष्कर्म अनि हत्याको मामला मा आगामी 18 जनवरी को दिन निर्णय सुनाउनेछ। गत वर्ष 11 नवंबरमा यो मामला शुरू भएको 68 दिन पछि निर्णय सुनाइनेछ। महिला डॉक्टर को शव गत 9 अगस्तमा कॉलेज भित्र सेमिनार हॉलमा पाइएको थियो। कोलकाता पुलिसले यस मामलामा सिविक भोलेन्टियर संजय रॉयलाई गिरफ्तार गरेको छ। केंद्रीय जांच ब्यूरो ले पनि आफ्नो जांच मा संजय रॉयलाई दुष्कर्म अनि हत्याको लागि एकमात्र मुख्य आरोपी पाएका थिए। जांच ब्यूरोले सबूतहरुसित छेड़छाड़ गरेको आरोप मा मेडिकल कॉलेज का तत्कालीन प्राध्यापक संदीप घोषलाई पनि गिरफ्तार गरेको थियो। हालैमा विशेष अदालत ले संदीप घोषलाई जमानत दिएको छ।

****** ० ******

**मेचपाडा चियाकमान**

अचानक कार्य स्थगन भएको डुवर्सको अलिपुरद्वार जिल्लाअधिनस्थ कालचिनी खण्डको मेचपाडा चियाकमानलाई पुनः सुचारु गराउन आगामी 13 जनवरीको दिन अलिपुरद्वार जिल्ला प्रशासनिक भवन डुवर्सकन्यामा त्रिपक्षीय बैठक सम्पन्न हुने भएको छ।स्मरण रहोस्, मेचपाडा चियाकमानको ७८ वर्षको इतिहासमा कहिले पनि कार्य स्थगन तथा बन्दको घटना घटेको थिएन। तर हिजो कमानमा कुनै ठोस कारण बिना नै कार्य स्थगनको नोटिस लगाएर कमान प्रबन्धनपक्ष सुइँकुच्चा ठोकेपछि चियाश्रमिकहरू अन्योलमा परेका छन्।कमानको काममा ढिल्याई गरेको र प्रबन्धनपक्षलाई अवज्ञा गरेको साधारण कारणहरू देखाएर कमानमा कार्य स्थगनको नोटिस टाँसी प्रबन्धनपक्ष यसरी अचानक कमान छोडेर गएको आरोप छ। कमानलाई पुनः सञ्चालनमा ल्याउने प्रयास स्वरूप श्रमिकहरुसँग वार्तालाप गर्न आज राज्यसभा सांसद तथा तृणमूल अलिपुरद्वार जिल्ला सभपति प्रकास चीक बडाइक मेचपाडा चियाकमान पुगेका थिए।

****** ० ******

**खालिङ-सिलगढी पुलिस भेट**

सिक्किमका मुख्यमन्त्रीका राजनैतिक सचिव जेकब खालिङले सिलगढ़ी पुलिस आयुक्त सी सुधारकरसित आज सिक्किमका चालकहरूसित सिलगढ़ीमा दुर्व्यवहार गरिने गरेको विषयलाई लिएर बैठक गर्नुभयो।
बैठकमा केही दिनअघि घटेको एनजेपीको घटनालाई लिएर विशेष चर्चा गरिएको र खालिङले उक्त घटनाका तथा कार्यकलापहरूमाथि चिन्ता व्यक्त गरेको बताइएको छ। यसका साथै, सिक्किम लगायत पहाड़ी क्षेत्रका चालकहरूमाथि भइरहेको दुर्व्यवहारमाथि विशेष नजर राख्नेबारे खालिङले कमिश्नरलाई ज्ञापनसमेत बुझाउनुभयो।बैठकमा दुवै राज्यबिचको सम्बन्धलाई बिगार्ने खालका दुष्प्रयासहरूमाथि दुवै राज्यले निगरानी राख्नुपर्ने कुरोमा पनि विशेष जोड़ दिइएको बताइएको छ।यसैबिच, कमिश्नर सुधारकरले डीएसपी पदका अधिकारीको नेतृत्वमा एनजेपी-को घटनाबारे जाँच शुरू गरिएको अवगत गराउँदै पीड़ितले न्याय पाउने बताएको खालिङले जनाउनु भएको छ। स्मरण रहोस्, गत साता सिलगढ़ीको एनजेपीमा सिक्किमका एकजना चालकसित दुर्व्यवहार एवम् आक्रमणको घटनाले एनजेपी परिसर निकै तनाउपूर्ण बनेको थियो।

****** ० ******

**जीटीए साहित्य अलङ्करण**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको सूचना तथा सांस्कृतिक विभाग अनि नेपाली अकादमीको संयुक्त तत्त्वावधानमा वर्ष 2024 को पुरस्कार अलङ्करण समारोह 13 जनवरी 2025 को दिन गाडीधुरा रङ्गशाला भवनमा बिहान 11 बजीदेखि आयोजित गरिएको छ। वर्ष 2024 को साहित्य विधामा गिरी पुरस्कार मिरिकका चुनुकुमार प्रधानलाई, शिवकुमार राई पुरस्कार नाट्य विधामा दार्जीलिङकी मेनुका प्रधानलाई, अरूणा लामा स्मृति पुरस्कार संगीत विधामा दार्जीलिङकै दीप वाइबालाई अनि छुजाङ डुक्पा स्मृति पुरस्कार संगीत क्षेत्रमा युवा प्रतिभा श्रीमति ल्हमु छिरिङ भोटियालाई प्रदान गरिइनेछ। जीटीएका प्रमुख कार्यपाल अनित

थापाको बाहुलीबाट यी पुरस्कारहरू प्रदान गरिइनेछ। समारोहमा जीटीए सभाका अध्यक्ष अञ्जुल चौहान, उपाध्यक्ष राजेश चौहान, जीटीएका सचिव आईएएस सुदेन छिरिङ भोटिया, शान्ति ठटाल र गोकुल सिन्हा आदिको विशेष उपस्थिति रहनेछ।

****** ० ******

**तिनधारे फुटबल**

युनाइटेड दार्जिलिङ एफसी, तीनधारे च्यालेञ्च कप फुटबल टुर्नामेन्टको च्याम्पियन बनेको छ। युनाइटेड तीनधारे स्पोर्ट्स एसोसिएसनको आयोजनामा तीनधारेको मिठाईडाँडा खेल मैदानमा भईरहेको तीनधारे च्यालेञ्च कप फुटबल टुर्नामेन्ट अन्तर्गत आज फाइनल खेल दार्जिलिङ युनाइटेड एफसी र जर्जियन एफसी कालेबुङमाझ सम्पन्न भएको थियो। यो फाइनल खेल शुरु भएको तीन मिनटमा नै गोल गरेर युनाइटेड दार्जिलिङ एफसीले बढत बनाएका थिए भने युनाइटेड एफसी दार्जिलिङले पहिलो हाफको खेलमा नै लगातार रुपमा 4 गोल गरेर बढत बनाएका थिए। दोस्रो हाफको खेलमा जर्जियन एफसी कालेबुङले खेलको अन्तिम समयमा केवल एक गोल मात्र गरेका थिए। यसको साथै युनाइटेड दार्जिलिङ एफसीले फाइनल खेल 4-1 को अन्तरले सजिलै जित्दै तीनधारे च्यालेञ्च कप फुटबल टुर्नामेन्टको उपाधि जित्न सफल बनेको छ। आजको फाइनल खेलमा मुख्य अतिथिको रुपमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापा उपस्थित रहेका थिए। यस फाइनल खेलमा विजयी दललाई ट्रफीको साथमा दुई लाख रुपियाँ र उप विजेतालाई ट्रफी सहित एक लाख रुपियाँ प्रदान गरिएको छ।

****** ० ******

**सुकना गोल्ड कप**

18औं सुकना गोल्डकप फुटबल टुर्नामेन्टको आज भएको म्याचमा कञ्चनजङ्गा एफसी प्री-क्वार्टर फाइनलमा प्रवेश गरेको छ। कञ्चनजङ्गा एफसी बनाम रायगञ्ज वेलफेयर एसोसिएशनबीच आज भएको म्याचमा शून्यको विरुद्ध 3 गोल गरेर कञ्चनजङ्गा विजयी बन्यो। खेल अवधिभरि दुवै दलका खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गर्दै गोल गर्ने प्रयासमा लागे पनि अन्ततः 3-0 गोलको अन्तरले कञ्चनजङ्गा एफसी टुर्नामेन्टको अघिल्लो चरणमा पुग्न सफल बन्यो। कञ्चनजङ्गा एफसीको तर्फबाट लाकपा तामङले दुई र अनित राईले एक गोल गरे। उक्त म्याचमा विजयी दलका खेलाड़ी अनित राई म्यान अफ द म्याच चुनि स्मरण रहोस्, 18औँ सुकना गोल्डकप गत 5 जनवरीदेखि शुरू भएको हो भने यसको फाइनल आगामी 25 जनवरीको दिन हुनेछ।

****** ० ******

**मौसम**

पश्चिम बंगाल मा शीतलहर को प्रभाव लगातार बनिरहेको छ। कोलकाता समेत राज्य का विभिन्न भागहरुमा बिहान अनि रातीको समय आधिक जाड़ो भएको महसूस भइरहेको छ। मौसम विभागले आज  बताए अनुसार, आगामी 24 घंटामा कोलकाता अनि वरिपरीका क्षेत्रहरुमा मौसम मुख्यतः सफा रहनेछ। कोलकाता मा अधिकतम तापमान 22 दशमलव 3 डिग्री सेल्सियस अनि न्यूनतम तापमान 13 दशमलव २ डिग्री सेल्सियस दर्ता गरियो। राज्य को अन्य भागहरुमा पनि जाड़ोको असर बनीरहेको छ। यस्तै प्रकारले उत्तर बंगाल का जिल्लाहरुमा पनि जाड़ोको प्रभाव जारी छ। दार्जिलिंग अनि जलपाईगुड़ी मा तापमान मा कमी आउन जारी छ। मौसम विभाग अनुसार, दार्जिलिंग मा न्यूनतम तापमान छह-सात डिग्री सेल्सियस सम्म पुग्न सक्ने छ। अलीपुरद्वार अनि कूचबिहार मा पनि सर्दी को प्रभाव बनिरहेको छ।

****** ० ******